जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३१ अंक ६३ २०७८ साल असोज १३ गते बुधबार (29 Sep. 2021 Wednesday) मूल्य रु. ५/-

**वर्षातको समयमा आईपर्ने सम्भावित विपद् बाट बचौं र बचाऔं ।**

- बाढी, पहिरो, र डुवानको जोखिम भएका बस्तीहरुको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराऔं।
- विपद् जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।
- प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल रेडक्रसद्वारा एक लाख ... ३ पृष्ठमा : सर्लाही जिप्रकाबाट एक ... ३ पृष्ठमाविश्वबाट आणविक हतियार ...

## उपवासमा बसेकी महिला बाल शिक्षकहरुद्वारा दोश्रो दिन पनि धर्ना




**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**
जितिया पर्वको उपवासमा बसेकी सप्तरीका बाल शिक्षकहरुद्वारा मंगलबार दोश्रो दिन पनि धर्नालाई निरन्तरता दिएका छन् ।

सरकारले बृद्धि गरेको तलब उपलब्ध नगराएको भन्दै आन्दोलनमा उत्रेका महिला बाल शिक्षकहरुले दोश्रो दिन पनि राजविराज नगरपालिका कार्यालयमा दुई घण्टा धर्ना दिएका हुन् ।

अघिल्लो दिन एक घण्टा धर्नामा बसेकी महिला शिक्षिकाहरुले दोश्रो दिन उनीहरुले बिहान ११ बजेदेखी दिनको १ बजेसम्म दुई घण्टा नगरपालिका कार्यालय परिसरमा धर्ना दिए ।

विद्यालयका बाल शिक्षक, बाल विकास सहयोगि र कर्मचारीको सरकारले तलब बृद्धि गरेपनि आफूहरुले नपाएको गुनासो गर्दै धर्नामा बसेको बताएका छन् ।

यसअघि ज्ञापन पत्र बुझाउने, पेन डाउन गर्ने, हातमा कालो पट्टी बाँधेर पठनपाठनमा सहभागि हुने। सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम र धर्ना लगायत कार्यक्रम गरेकोमा प्रथम चरणको आन्दोलन कार्यक्रम मंगलबार सम्पन्न भएको र माग पूरा नगरिए जितिया पर्व सम्पन्न भएपछि दोश्रो चरणको आन्दोलन कार्यक्रम पत्रकार सम्मेलन मार्फत घोषणा गरिने संघर्ष समितिले जनाएको छ ।

नेपाल सरकारको २०७८ को बजेट अनुसार बृद्धि गरेको २ हजार र स्थानिय सरकारबाट ७ हजार दिने भनिएपनि आफूहरु पाउन नसकेको संघर्ष समितिकी सदस्य सचिव विभा झाको भनाई छ ।

पहिलादेखी पाइरहेको ६ हजार र थप गरिएको २ हजार गरि ८ हजार तथा सम्बन्धीत नगरपालिका र गाउँपालिकाबाट ७ हजार थप गरि १५ हजार तलब दिनु पर्ने आन्दोलनकारी शिक्षिकाहरुको भनाई छ ।

## सर्वश्यसहित जन्मकैद फैसला भएको फरार प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**
साविकको राजविराज ८ निवासी रामएकवाल सिंहको बञ्चरो प्रहार गरि हत्या गर्ने एक फरार प्रतिवादीलाई प्रहरीले मंगलबार पक्राउ गरेको छ ।

१६ वर्षअघि बञ्चरो प्रहार गरि सिंहको हत्या गरेका सप्तरीको विष्णुपुर गाउँपालिका ६ बस्ने मनोज कुमार यादवलाई विशेष सुराकीको आधारमा प्रहरी टोलीले मंगलबार दिउँसो पक्राउ गरेको हो ।

उनलाई राजविराज ६ स्थित एक स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

घटना बिवरण अनुसार सिंहको २०६२ साल बैशाख २ गते साँझ हत्या भएको थियो । बजारबाट घर फर्किने क्रममा

*बाँकी तीन पृष्ठमा*

## स्व. साहलाई मरणोपरान्त सम्मान गरेकोमा परिवारजनद्वारा आभार व्यक्त



**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**
आयूर्वेदिक औषधी पसल संचालन गरि चार दशक भन्दा बढी समयदेखी राजविराजमा स्वास्थ्य सेवा प्रदान गर्दै आएका स्व. महेन्द्र साहलाई मरणोपरान्त सम्मान गरिएकोमा परिवारजनले आभार व्यक्त गरेका छन् ।

बैध नामले चर्चित स्व. साहका छोरा रमाकान्त साहले मंगलबार एक विज्ञप्ति मार्फत मरणोपरान्त बुबालाई सम्मान गर्ने नेपाल फार्मेशी संघ राजविराज शाखाप्रति आभार व्यक्त तथा धन्यवाद दिँदै खुशी व्यक्त गरे ।


नेपाल फार्मेशी संघ राजविराजद्वारा शनिबार आयोजित एक कार्यक्रममा प्रमुख अथिति प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले स्व. साहको नामको सम्मानपत्र उनका छोरालाई प्रदान गरेका थिए ।

संघका अध्यक्ष सुजित कुमार झाले लामो समयदेखी आयूर्वेद औषधी व्यवसायमा संलग्न रही बैधको रुपमा समेत स्वास्थ्य सेवा प्रदान गर्दै आएका स्व. साहप्रति उच्च सम्मान गरिएको बताए ।

## अनुवांशिक गर्दा डेल्टा भाइरस

काठमाडौँ, १२ असोज (रासस) ।
कोरोना भाइरस सङ्क्रमणको अनुवांशिक (जीन सिक्वेन्सिङ) अध्ययन गर्दा नेपालमा डेल्टा भाइरस भेटिएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र त्रिभुवन विश्वविद्यालय (त्रिवि) जैविक प्रविधि केन्द्रीय विभागमा गरिएको अनुवांशिक अध्ययनमा सबैमा डेल्टा

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# चाडपर्वमा स्वास्थ्यप्रति ख्याल गरौं

यस पटकको दशैंमा मानिसहरुलाई आफ्नो स्वास्थ्यलाई निकै गम्भिरतापूर्वक ख्या गर्नुपर्ने हुन्छ। कीन भने विगत दुई वर्षदेखी चलिरहेको कोरोना महामारी अहिले पनि समाप्त भएको छैन् । कुन न कुनै रुपमा यो महामारीले अझै बिक्राल रुप लिन सक्छ । अहिले पनि नेपालका दिनहुँ व्यक्तिहरुको यस महामारीबाट मृत्यु हुने गरेको छ। सरकारले लकडाउन समाप्त पार्दै सामाजिक दुरी, मास्कको अनिवार्य प्रयोग तथा साबुन वा सेनिटाइजरले हातधुने र भिडभाडमा नजान जनतालाई आग्रह गर्दै आइरहेको छ। तर, मानिसहरुले सरकारी आग्रहलाई अटेर गर्दै आइरहेका छन् । अधिकांश स्थानमा भिडभाड हुने गरेको छ। बजारमा मानिसहरुको चहलपहल बढेसँगै सरकारी नियमको पालना गरेको देखिन्न् ।

चाड पर्वको बेलामा बढी भिडभाड हुने स्थानमा नजाऔं तथा सक्दो घरमै चाडपर्व मनाऔं । नेपालीहरुको महान चाड वडा दशैं आउँदो सातादेखी सुरु हुँदै छ। दशैं समाप्त भएसँगै तिहार आउछ । यो पर्वमा पनि बढी भिडभाड हुने गर्दछ । यस्तो अवस्थामा मानिसहरु विभिन्न स्थानहरुबाट आफ्नो घर आएको बेला सतर्क रहनु पर्ने हुन्छ । यस बाहेक चाडपर्वमा खानपिन समेतमा ध्यान दिनु उत्तिकै आवश्यक छ । दशैंमा मानिसहरु मासुको बढी सेवन गर्ने हुनाले अहिलेको परिवेशमा मासु स्वास्थ्यका लागि हानिकार भएको विज्ञहरुले बताउँदै आएका छन् ।

सरकारी नियमको पालना गर्दै धामिर्क कार्यक्रम तथा विभिन्न चाडपर्व मनाउन सकिए कोरोना महामारीबाट जोगिन सकिन्छ । तसर्थ अहिलेको परिस्थितिमा यस पटकको चाडपर्वमा मानिसहरु कोरोनाबाट सतर्क र कम मासु सेवन गर्नु नै स्वास्थ्यप्रति फाइदाजनक हुनेछ। स्वास्थ्य भन्दा ठूलो धन केही पनि नहुनाले यसप्रति सबै सचेत हुनु अति आवश्यक छ।

# नेपाल रेडक्रसद्वारा एक लाख मात्रा भेरोसिल खोप प्रदान

काठमाडौँ, १२ असोज (रासस)।

कोभिड-१९ विरुद्धको खोप उत्पादक देश अमेरिका, चीन र बेलायतले मानवीय सहयोगअन्तर्गत नेपाल रेडक्रस सोसाइटीलाई निःशुल्क खोप प्रदान गर्न सुरुआत गरेका छन् । यस क्रममा सोसाइटीलाई चिनियाँ रेडक्रस सोसाइटीले एक लाख मात्रा भेरोसिल खोप प्रदान गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठलाई सोसाइटीका पदाधिकारिले मन्त्रालयमा मंगलबार यहाँ आयोजित कार्यक्रममा सो खोप हस्तान्तरण गर्नुभयो । सो अवसरमा सोसाइटीका महामन्त्री पिताम्बर अर्याल र कार्यकारी निर्देशक उमेश ढकालले सोसाइटीका मानवीय सेवाको गतिविधिका बारेमा राज्यमन्त्री श्रेष्ठलाई सङ्क्षिप्त जानकारी दिनुभएको थियो । राज्यमन्त्री श्रेष्ठले महामारी नियन्त्रणमा नेपाल रेडक्रसले सरकारलाई पुऱ्याएको निरन्तर सहयोगप्रति धन्यवाद दिँदै अगामी चैतसम्म सबै नागरिकलाई खोप लगाउने सरकारको लक्ष्यलाई सहयोग गर्न आग्रह गर्नुभयो ।

नेपालका मानवीय सेवामा निरन्तर सहयोग गरिराखेका साझेदार रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) मार्फत सोसाइटीले पछिल्लो समय खोपका लागि 'लबिङ' (पैरबी) लाई तीव्र बनाएको थियो । अहिले पनि आइएफआरसीले 'कोभ्याक्स' अन्तर्गत विकासोन्मुख तथा गरीब देशलाई खोप सहयोग गर्न खोप उत्पादक तथा धनी देशलाई निरन्तर पैरबी गर्दै आएको छ । अमेरिकाले हालै कोभ्याक्सअन्तर्गत जनसन खोप नेपाललाई प्रदान गरेको थियो भने जापानले १६ लाख मात्रा एष्ट्राजेनेका प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

महामन्त्री अर्यालले खोप उत्पादक देशले मानवीय सहयोगअन्तर्गत सोसाइटीलाई खोप प्रदान गर्न सुरुआत गरेको र यस क्रममा चिनियाँ रेडक्रसले एक लाख मात्रा भेरोसिल प्रदान गरेको जानकारी दिनुभयो । उहाँका भन्नुभयो, "खोप उत्पादक देशका देशीय रेडक्रसमार्फत हाम्रो पैरबी निरन्तर जारी नै छ। ती देशका सोसाइटीबाट थप सकारात्मक सन्देश आएको छ।"

मन्त्रालयका अनुसार अहिलेसम्म ३० प्रतिशतलाई पहिलो मात्रा र २८ प्रतिशतलाई पूर्ण मात्राको कोरोनाको खोप लगाइसकिएको छ। हालसम्म ६६ लाख नौ हजार २३३ ले पहिलो र ६० लाख ३६ हजार ४०१ जनाले पूर्ण मात्रा गरी कूल एक करोड २६ लाख ४५ हजार ६३४ जनाले खोप लगाइसकेका छन् भने रुकुम पूर्व, मनाङ र मुस्ताङका सबै लक्षित समुदायले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

यसैगरी खोप अभियानअन्तर्गत सबैले खोप लगाउन थालेपछि सङ्क्रमण पनि घट्दै गइरहेको मन्त्रालयले जनाएको छ । नेपालमा पहिलोपटक २०७६ साल माघ ९ गते सङ्क्रमण देखिएको थियो । सरकारले गत माघ १४ गतेदेखि खोप लगाउन सुरु गरेयता सात महिनामा यही भदौ १६ गते नै एक करोड ९२ हजार १६४ सर्वसाधारणले खोप लगाएका थिए ।

सरकारकारले अगामी चैतसम्म सबै नागरिकलाई खोप लगाउने जनाएको छ। यसका लागि दुई मात्रा खोप लगाउँदा पाँच करोड ३५ लाख मात्रा खोप आवश्यक पर्छ ।

यसैगरी विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वका सबैभन्दा गरिब ५० देशले दुई प्रतिशत मात्र खोप पाएका छन् । यी देशमा विश्वका १७ प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन् । रोग प्रतिरोधात्मक क्षमताका लागि देशभित्र र अन्तर्राष्ट्रियस्तरमा ६० देखि ७० प्रतिशत मानिसलाई खोप लगाइनुपर्छ ।

महामन्त्री अर्यालका अनुसार चिनियाँ रेडक्रसमार्फत प्राप्त भएका खोप स्वास्थ्य मन्त्रालयको समन्वयमा स्वयंसेवक तथा अग्रपङ्क्तिमा खटिनेलाई लगाइने छ । हाल सोसाइटीमा १३ लाख स्वयंसेवक छन् । कोरोनाविरुद्धको सचेतना कार्यक्रम, आइसोलेसन सेन्टर, हेल्थ डेक्स तथा खोप केन्द्रमा उनीहरू परिचालित छन् । नेपाल रेडक्रस, आइएफआरसीको मुख्यालय जेनेभा तथा र विभिन्न देशमा रेडक्रसको देशीय निर्देशक भई मानवीय सेवामा लामो अनुभव सम्हाल्नुभएको उहाँले भन्नुभयो, "महामारी रोमथामको एक मात्र उपाय खोप नै हो । खोप उत्पादन गर्ने देशबाट धेरैभन्दा धेरै मात्रा खोप ल्याई सङ्कटासन्न समुदायका पहुँचमा खोप पुऱ्याउन मैले प्राथमिकता दिइएको छु ।"

सोसाइटीले महामारीको सुरुआती चरणदेखि यसका रोकथाममा उच्च प्राथमिकता दिई समुदायमा काम गरिरहेको छ । उसले आफ्ना अधिकांश कार्यक्रमलाई महामारी नियन्त्रणमा लगाएको छ । मास्क, स्यानिटाइजर, पिपिई, शव व्यवस्थापनका लागि शव व्यवस्थापन झोला, अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मीलाई तालिम तथा कोभिड उपचारका लागि अस्पतालमा आवश्यक पर्ने सामग्री सरकारलाई सहयोग गर्दै आएको छ ।

साथै कोभिडबाट जोगिने उपायका बारेमा जनचेतना, क्वारेन्टिन तथा होल्डिङ सेन्टर, मनोसामाजिक परामर्श, अनाथ बालबालिका तथा ज्येष्ठ नागरिकलाई आर्थिक सहयोग तथा आवश्यक ब्ल्याङ्केट, तारपोलियनसमेत उपलब्ध गराएको थियो ।

महामन्त्री अर्यालले भन्नुभयो, " नयाँनयाँ भेरियन्टसहितको कोरोनाको सम्भावित जोखिमलाई पनि कम गर्न तयारी सुरु गरेका छौँ । यसका लागि आश्यक भेन्टिलेटर र अक्सिजनको जोहोमा लागेका छौँ ।"

सोसाइटीले आफ्ना 'ग' वर्गका एम्बुलेन्सलाई स्तरोन्नति गर्दै 'ख' वर्ग ल्याउने काम जारी रहेको जनाएको छ। हाल संस्थाका २४२ एम्बुलेन्स छन् । कोरोना नियन्त्रणका लागि जोखिम सञ्चार र समुदायको संलग्नता, वडा तहमा युवा परिचालन, स्वास्थ्य र सरसफाइ, खानेपानी र शौचालयलाई व्यवस्थित गर्न सहयोग जारी राखेको सोसाइटीले जनाएको छ । कोरोना सङ्क्रमिका उपचारमा आवश्यक हुने अक्सिजन सिलिन्डर, अक्सिजन कन्सन्ट्रेटर, भेन्टिलेटर, अक्सिजन उत्पादन प्लान्ट, पल्स अक्सिमिटर, थर्मल गन पिपिई लगायतका सामग्री स्वास्थ्य मन्त्रालयको समन्वयमा वितरण जारी राखेको छ ।

कार्यकारी निर्देशक ढकालका अनुसार आइएफआरसीमार्फत ३०० अक्सिजन कन्सन्ट्रेटर तथा विभिन्न रेडक्रसमार्फत ५०० थान १० लिटर क्षमताका र १०० थान ४० लिटरभन्दा माथिका क्षमताका अक्सिजन सिलिन्डर सोसाइटीले प्राप्त गरेको थियो । सोसाइटीले दुई हजार ५०० अक्सिमिटर, एक हजार ५०० थर्मामिटर, आठ लाख ४९ हजार ४८४ पिपिई, मास्क, ग्लोब्स सरकारलाई सहयोग गरिसकेको छ। साथै ७७२ शव व्यवस्थापन झोला अस्पताल तथा स्थानीय तहमा वितरण गरिसकेको छ। कोरोनाका कारण आर्थिक समस्यामा परेकाको जीवनस्तर माथि उकास्न ३४ जिल्लामा आयआर्जनका कार्यक्रम सोसाइटीले सञ्चालन गर्न लागेको जनाएको छ ।

# कर्मचारीका छोराछोरीलाई छात्रवृत्तिमा मतभेद

काठमाडौँ, १२ असोज (रासस)।

चिकित्सा शिक्षा अध्ययनमा चिकित्सा शिक्षा क्षेत्रसँग सम्बन्धित कर्मचारीका छोराछोरीलाई छात्रवृत्ति दिने वा नदिने भन्नेमा सांसदका मत बाझिएका छन् ।

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिमा मंगलबार 'चिकित्सा शिक्षासँग सम्बन्धित कर्मचारीका छोराछोरी र स्थानीयवासीले पाउने आरक्षण सम्बन्धमा' गरिएको छलफलमा समिति सदस्यबीच छात्रवृत्ति दिने वा नदिने भन्नेमा मत बिभाजन भएको थियो ।

सांसद योगेश भट्टराईले कर्मचारीका छोराछोरीलाई छात्रवृत्ति दिन नहुने बताउनुभयो । उहाँले कर्मचारी सम्पन्नशाली हुने भएकाले उनीहरूका छोराछोरीलाई छात्रवृत्ति नचाहिने राय व्यक्त गर्नुभयो । "चिकित्सा महँगो शिक्षा हो । कर्मचारी आफै पनि आफ्ना छोराछोरीलाई पढ्न पठाउन सक्दछन्" सदस्य भट्टराईले भन्नुभयो,"बरु गरिब, विपन्नका छोराछोरीका लागि छात्रवृत्ति बढाऔं ।"

सांसद नबिना लामाले नेता र कर्मचारीका छोराछोरीलाई आरक्षण हुनै नहुनेमा जोड दिँदै भन्नुभयो, चीनमा नेता र अमेरिकामा कर्मचारीका छोराछोरी छात्रवृत्तिमा पढिरहेकाले समितिको बैठकमा कुन नेता र कुन कर्मचारीका छोराछोरी छात्रवृत्तिमा पढिरहेको छन् भनेर छलफल गरिनुपर्छ ।

सांसद गिरिराजमणि पोखरेलले कर्मचारीका छोराछोरीलाई छात्रवृत्ति दिनैपर्नेमा जोड दिनुभयो । "कर्मचारीले प्रोत्साहन पाए अझ राम्रोसँग काम गर्छन्" उहाँले भन्नुभयो, "त्यही भएर कतै आरक्षण दिन सकिन्छ कि भने उपायको खोजी गरौ ।"

चिकित्सा क्षेत्रका कर्मचारीका छोराछोरीलाई चिकित्सा शिक्षा अध्ययनका लागि आरक्षण कोटा राखिएकामा राष्ट्रिय चिकित्सा शिक्षा ऐन र नियमावलीमा उक्त आरक्षण हटाइएको छ। राष्ट्रिय चिकित्सा शिक्षा आयोगका सदस्य-सचिव डिल्लीराम लुइँटेलले राष्ट्रिय चिकित्सा शिक्षा विनियमावली संशोधन गरेर नेपाली सेनाले सञ्चालन गरेको कलेजमा सेनामा तिनका छोराछोरीलाई छात्रवृत्ति उपलब्ध गराइएको बताउनुभयो ।

उहाँका अनुसार सेनाका सन्ततिलाई ४९ प्रतिशत र अन्यलाई ५१ प्रतिशत छात्रवृत्ति राखिएको छ। सांसद मानबहादुर विकले आरक्षणलाई परिमाणमुखी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सभापति जयपुरी घर्तीले चिकित्सा शिक्षा क्षेत्रसँग सम्बन्धित कर्मचारीका छोराछोरीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने भन्नेबारे सांसदबीच मतभेद भएको बताउनुभयो । "नेपाली सेनामा जस्तै चिकित्सा शिक्षाक्षेत्रसँग सम्बन्धित कर्मचारीका छोराछोरीलाई छात्रवृत्ति उपलब्ध गराउन सकिन्छ" उहाँले भन्नुभयो, " सेनामा विनियमावली संशोधन गरेर दिन सकिन्छ भने कर्मचारीका छोराछोरीलाई पनि छात्रवृत्ति दिनका लागि विनियावली संशोधन गरेर जान सकिन्छ ।"

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले कर्मचारीका छोरछारीलाई छात्रावृत्ति दिनु व्यवहारिक हुने बताउनुभयो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सर्लाही जिप्रकाबाट एकै दिनमा नागरिकता

सर्लाही, १२ असोज (रासस)।

जिल्ला प्रशासन कार्यालयले चालु आवको दुई महिनामा छ हजार २३९ जनालाई नागरिकताको प्रमाणपत्र दिएको छ। भरखरै सरुवा भएर आउनुभएका प्रमुख जिल्ला अधिकारी रामकुमार महतोले कर्माचारीको अभावमा पनि नागरिकता बनाउन आउनेले सास्ती बेहोर्नु पर्ने बाध्यता हटाउँदै एकै दिनमा नागरिकता लिएर फर्किन पाउने व्यवस्था गर्नुभएकाले नागरिकता बनाउनेहरूको सङ्ख्या वृद्धि भएको हो।

कार्यालयमा आउनेहरूले विचौलियाको चङ्गुलमा पर्नाका साथै अत्यधिक भीडभाडका कारण नागरिकता तथा राहदानी लिन समस्या भएको गुनासो गरेकाले प्रजिअ महतोले कर्माचारीको अभावमा पनि नागरिकता लिन आउनेलाई एकै दिनमा नागरिकता दिएर पठाउने गरी कार्य सम्पादन गर्नुभएको सहायक प्रजिअ भूमेश्वर पोखेलले बताउनुभयो।

प्रजिअ महतोले कोरोना महामारीका कारण जारी निषेधाज्ञाले लामो समयसम्म कार्यालयको काम ठप्प हुँदा अहिले सेवा लिनेको भीड एक्कासि बढेको जानकारी दिनुभयो। एसइईको परीक्षाफल आइसकेको र त्यसपछि उच्च शिक्षा हासिल गर्न नागरिकताको आवश्यक पर्ने भएकाले पनि भीड बढेको हो। भीडलाई कम गर्न प्रक्रिया पुगेर आएको कागजात दर्ता भए एकै दिनमा नागरिकता लिएर जान पाउने व्यवस्था गरिएको उहाँको भनाइ थियो।

नागरिकताका साथै कार्यालयबाट प्रदान गरिने अन्य सेवाका लागि सेवाग्राहीहरू आउने गरेकाले पनि भीड बढेको प्रजिअ महतोले जानकारी गराउनुभयो। जिल्लामा अहिले राष्ट्रिय परिचयपत्र बनाउने अभियान चलिरहेको छ। उक्त परिचयपत्रका लागि नागरिकता अनिवार्य चाहिने र नागरिकतामा पनि बुझिने गरी स्पष्ट रूपमा विवरण उल्लेख भएको हुनुपर्ने भएकाले पुराना नागरिकता हटाएर प्रतिलिपि लिन पनि नागरिकहरू आउने गरेका कार्यालयले जनाएको छ।

यसैबीच निर्वाचन आयोगले यतिबेला चलाइरहेको मतदाता परिचयपत्र अभियानमा मतदाता परिचयपत्रका लागि नागरिकताको आवश्यकता पर्नाका साथै दुबै काम एकैसाथ चलिरहेकाले पनि नागरिकताको परिचयपत्र लिन आउनेहरूको भीड बढेको प्रजिअ महतोले स्पष्ट पार्नुभयो। सेवाग्राहीको चाप कम गर्न कार्यालयको समयबाहेक अतिरिक्त समयमा पनि काम गरिरहेको र आफूहरू सेवाग्राहीलाई नागरिकता दिएरै पठाउने प्रयासमा लागेको उहाँको भनाइ थियो।

कार्यालयले आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र २०७८/७९ मा २७ हजार ४९२ जनालाई नागरिकता उपलब्ध गराएकामा २०७६/७७ मा आठ हजार ८०८ नयाँ र ५५२ प्रतिलिपि २०७७/७८ मा १० हजार १० नयाँ र एक हजार ८८३ प्रतिलिपि उपलब्ध गराएको थियो। आव २०७८/७९ को यो दुई महिनामा (साउनमा एक हजार ३८५ नयाँ र ७७५ प्रतिलिपि तथा भदौमा तीन हजार १०३ नयाँ र ९९४ प्रतिलिपि गरी) कूल छ हजार २३९ जनालाई नागरिकता उपलब्ध गराइएको प्रजिअ महतोले जानकारी दिनुभयो। अघिल्ला तीन वर्षको तुलनामा २०७८/७९ को साउन र भदौमा धेरै नागरिकता वितरण गरिएको छ।

कार्यालय परिसरमा आइसकेका सेवाग्राहीलाई खाली हात नफर्काउने प्रयासमा आफूहरू लागिपरेको र सो अनुसार काम पनि गरिरहेको प्रजिअ महतोको भनाइ थियो।

यसअघि नागरिकता लिनका लागि १० दिनसम्म धाउनुपर्ने अवस्था थियो भने कुपन प्रणालीबाट नागरिकता वितरण गरिँदा दुई महिनामा पनि नागरिकता नपाएको नागरिकको गुनासो बढेकाले अहिले कुपन प्रणाली हटाइएको र आवश्यक प्रक्रिया पुऱ्याएर आउनेले एकै दिनमा नागरिकता लिएर फर्किन पाउँदा सेवाग्राही खशी भएका छन्। प्रतिलिपिका लागि आवेदन दिएका केही सेवाग्राहीको अभिलेख नभेटिएकाले खोजी जारी रहेको र यसलाई छिट्टै व्यवस्थापन गरिने उहाँले बताउनुभयो।

सेवा लिन आउँदा कुनै किसिमको असन्तुष्टि, गुनासो, रकम लेनदेन र विचौलियको हस्तक्षेप भए सिधै आफूसँग सम्पर्क गरेर जानकारी गराउन प्रजिअ महतोले सेवाग्राहीसँग आग्रह गर्दै त्यस्ता व्यक्तिलाई हदैसम्मको कारबाही गरिने जानकारी दिनुभयो।

# प्रतिव्यक्ति प्रतिवर्ष ७५ लिटर मात्र दूध सेवन

वीरगञ्ज, १२ असोज (रासस)।

नेपालमा प्रतिव्यक्ति प्रतिवर्ष ९२ लिटर दूध सेवन गर्नुपर्नेमा नेपालमा हाल ७५ लिटर मात्र सेवन हुने गरेको तथ्याङ्कले देखाएको छ। अब आगामी दिनमा कम्तीमा बालबालिकाका लागि मात्र भए पनि प्रतिवर्ष ९२ लिटर पुऱ्याउनुपर्ने अनिवार्यता देखिएकाले सरोकारवाला यसमा लाग्नुपर्ने नेपाल डेरी एशोसिएशनले निष्कर्ष निकालेको हो।

विश्वमा कुनै पनि बालबालिकाले दूध तथा दुग्ध पदार्थ सेवनबाट बञ्चित हुन नपरोस् भनेर स्कुल दूध दिवस सेप्टेम्बर महिनाको अन्तिम बुधबारका दिन विगत २१ वर्षदेखि विश्वभर सन् २००० देखि भव्यताका साथ मनाउने गरिन्छ। नेपालमा विसं २०७३ देखि नेपाल डेरी एशोसिएशनले पहिलोपटक सुरु गरेको थियो। विसं २०७८ मा छैटौं विश्व स्कुल दूध दिवसका अवसरमा यस वर्ष एशोसिएशनका सबै प्रदेश, जिल्ला, पालिकालगायत ठाउँमा विभिन्न कार्यक्रम गरी मनाउने तयारी गरिएको एशोसिएशनका केन्द्रीय महासचिव प्रल्हाद दाहालले जानकारी दिनुभयो।

यता बागमती प्रदेशमा भने राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक राजेन्द्र यादवको प्रमुख आतिथ्यतामा काठमाडौंका विभिन्न विद्यालयमा बालबालिकालाई दूध सेवन गराई सरोकारवाला निकायको सहयोग र सहभागितामा मनाइने कार्यक्रम तय गरिएको एशोसिएशनले जनाएको छ।

दूधलाई पूर्ण भोजनका रूपमा लिइन्छ। मानिसको जन्मने बेलाको प्रथम आहार दूध नै हो। जन्मेको छ महिनासम्म बच्चालाई दूध मात्र दिइन्छ र दूध मानिसको जीवनको महत्वपूर्ण कुरा हो। जन्मेको दिनदेखि मर्ने बेलासम्म र मरिसकेपछि पनि हाम्रो संस्कारका लागिसमेत दूधको आवश्यकता पर्दछ। विश्व इतिहास हेर्दा पनि जो जति विश्व प्रख्यात भए ती अधिकांश व्यक्ति शाकाहारी विशेषगरी दूध सेवनलाई महत्व दिने कुराको पुष्टि भइसकेको छ।

गौतमबुद्धदेखि महात्मा गान्धि र वर्तमान भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसम्म सबैले दूधलाई प्राथमिकताका साथ लिइने गरेको पाइन्छ। यस अर्थमा पनि के पुष्टि हुन्छ भने दूध सेवन गर्दा मानिसको दिमागमा सकारात्मक सोचको विकास हुने र दिमाग तेजिलो हुने कुरा वैज्ञानिकले पुष्टि गरिसकेका छन्। जापान, कोरिया र चीनजस्ता विकसित देशमा बालबालिकालाई दूध सेवन अनिवार्य गरिएको छ।


बालबालिकालाई दूधको महत्वबारे बताउँदै अनिवार्य दूध सेवन गर्न प्रेरित गर्नुपर्छ। दूधबारे अभिभावकले र शिक्षक शिक्षिकाले पनि राम्रोसँग बुझेर सबै बालबालिकालाई दूध तथा दुग्ध पदार्थ सेवन गराउनुपर्ने छ। विद्यार्थीलाई दैनिकरूपमा दूध र दुग्ध पदार्थ सेवन गर्दा हुने फाइदाको बारेमा पनि शिक्षक शिक्षिकाको भूमिका महत्वपूर्ण हुनेछ। साथै विद्यालयले पनि दूध सेवनमा प्राथमिकता दिन अभिभावकलाई दूधको जानकारीसहित आग्रह गर्नुपर्छ।

### *सर्वश्यसहित जन्मकैद...*

सिंहमाथी यादवसमेतले बञ्चरो प्रहार गरि हत्या गरेको प्रहरीले जनाएको छ। घटना लगत्तै उनी फरार भएका थिए।

उक्त हत्याकाण्डको सर्वोच्च अदालतले २०७४ साल माघ ९ गते यादवलाई सर्वश्यसहित जन्मकैदको फैसला सुनाएको थियो।

यता पक्राउ परेका यादवलाई मंगलबारै सप्तरी जिल्ला अदालतमा उपस्थित गराई आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।




# विश्व समाचार

## विश्वबाट आणविक हतियार उन्मूलन गर्न राष्ट्रसङ्घीय महासचिवको आग्रह

संयुक्त राष्ट्रसङ्घ, ११ असोज (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले आणविक हतियाररहित विश्व निर्माण गर्न विश्व समुदायलाई आग्रह गर्नुभएको छ। उहाँले विश्व आणविक हतियारविरुद्धको अन्तरराष्ट्रिय दिवसका अवसरमा सो कुरा बताउनुभएको छ।

उहाँले आणविक हतियार विश्वबाट नै अनिवार्यरुपमा उन्मूलन हुनुपर्नेमा जोड दिनुभयो। महामसचिव गुटर्रेसले भन्नुभएको छ यो हतियार मानवताविरुद्धको र घातक भएकोले विश्वबाट नै आणविक हतियार उन्मूलन हुनुपर्नेमा जोड दिनुभएको हो। तर अहिले पनि आणविक हतियार विश्वमा अहिले पनि एक चुनौतीका रुपमा रहेको पनि उहाँले बताउनुभएको छ।

उहाँले गएको एक दशक यता विश्वबाट नै आणविक हतियार घट्दोरुपमा रहेको पाइएको भए पनि यसको सङ्ख्या अझै पनि विश्वमा कम्तीमा पनि १४ हजार जति रहेको उहाँले बताउनुभयो।

यो पनि अहिलेको विश्वका लागि घातक नै रहेको पनि उहाँले बताउनुभएको छ। त्यसैले यी सबै हतियार विश्वबाट नै उन्मूलन गर्नेगरी काम गर्नुपर्ने चुनौती संयुक्त राष्ट्रसङ्घसमक्ष रहेको बताउनुभयो।

उहाँले संयुक्त राष्ट्रसङ्घले यसको स्थापनादेखि नै यस्ता हतियार उन्मूलन गर्ने कार्यक्रममा काम गरिरहेको पनि स्पष्ट गर्नुभएको थियो।

## भारतमा थप २६ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ११ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप २६ हजारभन्दा बढी नयाँ सङ्क्रमित भएका छन्। पछिल्लो २४ घण्टामा भारतमा २६ हजार ४१ जना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी दिएको छ।

भारतमा अहिले पनि सङ्क्रमितको सङ्ख्या दुई लाख ९९ हजार ६२० रहेको छ। यो सङ्ख्या घट्दै गएको देखिएको छ। एकै समयमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकाले सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो।

त्यसैगरी अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड २९ लाख ३१ हजार ९७२ पुगेको छ। गत आइतबारसम्ममा भारतका ५६ करोड ४४ लाख जनाको स्वाब परीक्षण गरिएको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म ८६ करोड १० लाख डोज खोप लगाइएको छ।

## विश्व स्वास्थ्य सङ्गठनले कोभिड-१९ को उत्पत्तिबारेको अनुसन्धानलाई पुनःजीवित गर्ने

जेनेभा, ११ असोज (रासस/एएनआई)।

विश्व स्वास्थ्य संगठनले कोभिड-१९ को उत्पत्तिबारेको अनुसन्धानलाई पुनःजीवित गर्ने प्रयास गरिरहेको छ।

अमेरिकी सञ्चारमाध्यमले जनाएअनुसार वाल स्ट्रीट जर्नलको रेपोर्टमा उल्लेख भएअनुसार विश्व स्वास्थ्य सङ्गठनको एक निकायले २० जना वैज्ञानिकको एउटा टोलीलाई यस बारे थप नयाँ प्रमाण खोज्नको लागि भेला गर्दैछ। उक्त रेपोर्टअनुसार कोभिड-१९ को उत्पत्ति बारे चिनियाँ वैज्ञानिकहरूले दिएको प्रमाण अप्रयाप्त छ।

रिपोर्टमा भनिएको छ, वैज्ञानिकको नयाँ समूह जसमा प्रयोगशाला सुरक्षा, जैविक सुरक्षा विशेषज्ञ र आनुवंशिक विशेषज्ञसमेत सम्मिलित छन्, उनीहरूले कोरोना भाइरस प्रयोगशालाबाट बाहिरएको हो वा होइन भन्ने विषयमा गम्भीर अध्ययन-अनुसन्धान गर्नेछन्। उक्त अध्ययनले यस किसिमका भाइरस सङ्क्रमणको भविष्यमा हुनसक्ने जोखिमसमेतलाई केन्द्रमा राखेर प्रतिवेदन तयार पार्नेछ।

स्वास्थ्य सङ्गठनले यस नयाँ पहलले अनुसन्धानलाई छिटो गर्न र जोखिम कम गर्न मद्दत पुऱ्याउने विश्वास व्यक्त गरेको छ।

यसअघि अगस्टमा अमेरिकाले कोभिड भाइरसको उत्पत्ति बारे एउटा रिपोर्ट जारी गरेको थियो उक्त रिपोर्टलाई बेइजिङले पूर्णरूपमा राजनीतिक भएको र कुनै वैज्ञानिकता र विश्वसनीयता नभएको भन्दै अस्विकार गरेको थियो।

त्यस बारे चिनियाँ उपविदेश मन्त्रीमा झाओक्सुले कडा शब्दमा आपत्ति जनाउँदै अमेरिकाले भाइरस ट्रेसिंगका नाममा अन्तरराष्ट्रिय सहयोगमा विषाक्तता नथप्न र महामारीको विरूद्धको लडाइमा वैज्ञानिक ढङ्गले अनुसन्धान गर्दै सही बाटो समात्न आग्रह गरेका थिए।

यसैगरी उक्त रिपोर्टको सारांशमा भनिएको छ-अमेरिकी खुफिया समुदाय (आइसी)का अनुसार नोभेल कोरोनाभाइरसको उत्पत्ति अतिरिक्त जानकारी बिना कहिल्यै पहिचान गर्न सकिदैन।

रिपोर्टका अनुसार अमेरिकी गुप्तचर समुदाय अझै पनि यस भाइरसको उत्पत्ति प्रयोगशालाबाट भएको हो वा जनावरबाट मानिसमा प्रवेश गरेको हो भन्ने बारे विभाजित नै छ।

डब्लुएचओ नेतृत्वको वैज्ञानिकको एक टोली जसले २०२१ को शुरुमा चीनको यात्रा गरी भाइरसको उत्पत्तिको बारे अनुसन्धान गर्ने प्रयत्न गरेको थियो यद्यपि यसले त्यसबारे स्पष्ट र यथेष्ट प्रमाण र तस्वीर सङ्कलन गर्न भने निकै सङ्घर्ष गरेको थियो।

# सर्लाहीका आठवटै सीमानाका खुला

सर्लाही, १२ असोज (रासस)।

कोरोना महामारीका कारण बन्द रहेका सर्लाहीका नेपाल-भारत सीमानाका खुला गरिएको छ। कोरोना महामारी नियन्त्रण गर्न भन्दै जारी गरिएको निषेधाज्ञाका कारण विगत करिब डेढ वर्षदेखि सीमानाका बन्द भएका थिए।

नेपालीको चाडपर्व नजिकिएसँगै कोरोना महामारी सङ्क्रमणदर केही घटेको मौका छोपी नेपाल सरकारले सीमानाका खोल्ने निर्णय गरेको हो। नेपाल सरकारले निर्णय गरेपछि बसेको जिल्ला कोरोना सङ्कट व्यवस्थापन केन्द्र (डिसीसिएमसी) सर्लाहीको बैठकले भारतसँग सीमा जोडिएका सर्लाहीका आठवटै नाका खुला गर्ने निर्णय गरेको सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामकुमार महतोले जानकारी दिनुभयो। उहाँका अनुसार बैठकले नेपाल सरकारले गरेको निर्णयानुसार जिल्लाका आठवटै नाका खुला गर्ने निर्णय गरिएको भए पनि आवागमनमा विभिन्न चारवटा बुँदा अनिवार्य पालना गर्नुपर्ने छ।

जिल्ला सदरमुकामस्थित गोरखकाली नाका, पर्सा गाउँपालिकास्थित सङ्ग्रामपुर र पर्सा नाका, ब्रम्हपुरी गाउँपालिकास्थित त्रिभुवननगर नाका, मलङ्गवा नगरपालिकास्थित भाँडसर नाका, विष्णु गाउँपालिकास्थित बारा उद्योरण र फेन्हरा नाका खुला गर्ने निर्णय गरेको जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीले जानकारी दिनुभयो।

सरकारले स्थलमार्गबाट आवागमन गर्न आवागमन गर्नु ७२ घण्टा पहिला कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएको हुनुपर्ने, खोपको मात्रा पूरा गरेको, एन्टिजेनसमेत नेगेटिभ आएको हुनुपर्नेलगायत अड्चन राखेर सीमानाका खोल्ने निर्णय गर्दा नागरिकमा निराशा कायमै रहेको मलङ्गवा नगरपालिकाका प्रमुख निरसल साहले बताउनुभयो।

यता स्थानीयवासीले आफूहरूलाई घरायसी प्रयोजनका लागि दैनिक उपभोग्य सामग्री ल्याउन, आफन्त भेट्न जान आउनसमेत समस्या भएको मलङ्गवाका स्थानीयवासी रामकलेवर रायले बताउनुभयो। नेपाल-भारत सामाजिक सम्बन्ध रहेका कारण पनि सीमाबाट सहजरूपमा आउनजान पाउनुपर्ने उहाँको माग छ।

बिरामी भएर उपचार गर्न जानआउनसमेत समस्या हुनुका साथै दैनिक उपभोग्य सामग्री ल्याउन आफूहरूलाई समस्या भएको त्रिभुवननगरका विन्देश्वर महतोले बताउनुभयो। खुला गरिएका सबै नाकामा हेल्थ डेस्क स्थापना गर्ने निर्णय स्थानीय प्रशासनले गरेको जनाएको छ। स्वास्थ्य कार्यालयमार्फत ती नाकामा एन्टिजेन परीक्षण गर्ने व्यवस्थासमेत मिलाइएको प्रमुख जिल्ला अधिकारी महतोले जानकारी दिनुभयो।

## *अनुवांशिक गर्दा...*

भाइरस भेटिएको हो।

प्रयोगशालाका निर्देशक डा रुणा झाले ४२ नमूनाको अनुवांशिक अध्ययन गरिएकोमा ४१ वटामा डेल्टा भाइरस र एक वटामा 'क' जीन नेगेटिभ भएको अल्फा भेरियन्ट देखिएको बताउनुभयो। प्रयोगशालामा २६ र केन्द्रीय विभागमा १६ अनुवांशिक अध्ययन गरिएको थियो। एकचालिस नमूना भदौ र असोज तथा एउटा वैशाखमा सङ्कलन गरिएको थियो।

राष्ट्रिय प्रयोगशालालाई विश्व स्वास्थ्य सङ्गठनले र केन्द्रीय विभागलाई वाशिङ्टन विश्वविद्यालयले प्राविधिक सहयोग गरेको थियो। निर्देशक डा झाले अब नेपालमै सङ्क्रमणको अनुवांशिक अध्ययन गर्न सकिने बताउनुभयो।

# हिंसा प्रभावितको मापदण्ड र स्पष्ट कार्यविधि बनाउन निर्देशन

काठमाडौँ, १२ असोज (रासस)।

संसदको महिला तथा सामाजिक समितिले लैङ्गिक हिंसा पीडित, प्रभावितको मापदण्ड र स्पष्ट कार्यविधि बनाई आधारभूत उपचार एवम् समानुपातिक बाँच्न पाउनुपर्ने अधिकारको प्रत्याभूतिका लागि शीघ्र प्रक्रिया अघि बढाउन सरकारलाई निर्देशन दिएको छ।

प्रतिनिधिसभाअन्तर्गत मंगलबार महिला तथा सामाजिक समितिमा सदस्यहरूले हिंसा पीडितका लागि सरकारले तत्काल राहत रकम उपलब्ध गराई संरक्षण र अभिभावकत्व प्रदान गर्न माग गरेका थिए।

त्यसैगरी समितिले हिंसा सामाजिक व्यहारमा मात्रै आधारित नभई आर्थिक, राजनैतिक, व्यक्तिगत लगायतका बहुआयामिक पक्षबाट सृजना हुन सक्ने भएकाले घटनाको कारक तत्वको विस्तृत अध्ययन गर्न निवारणका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउन पनि सरकारलाई निर्देशन दिएको छ।

बैठकमा समिति सदस्य लक्ष्मी परियारले कुनै पनि हिंसा निवारण गर्नु, हुनै नदिनु राज्यको मुख्य दायित्व रहेको भन्दै हिंसा न्यूनीकरणका लागि दीर्घकालीन उपाय अवलम्बन गर्नुपर्ने बताउनुभयो।

अर्का सदस्य अमृता थापाले लैङ्गिक हिंसा निवारण तथा समानतासम्बन्धी विभिन्न कोषहरू जस्तै एकल महिला संरक्षण कोष, लैङ्गिक हिंसा निवारण कोष, पीडित राहत कोष, पुनर्स्थापना कोष, सेवा कोषको प्रयोग हिंसा न्यूनीककरण गर्नेतर्फ भन्दा तत्कालका लागि राहत प्रदान गर्नुमा केन्द्रित रहेको बताउनुभयो।

आम नागरिकलाई जानकारीमा नरहेका कोषहरूबाट हिंसा पीडित, प्रभावित वा जोखिममा रहेकाहरू लाभान्वित भएका छन् कि छैनन् भनी अनुगमन गर्न र कोष परिचालनमा देखिएको समस्याको तत्काल समाधान गर्न पनि समितिले सरकारसमक्ष माग गरेको छ।

बैठकमा सभापति निरुदेवी पालले लैङ्गिक हिंसा न्यूनीकरण वा निवारणका लागि गर्नुपर्ने जति जनचेतनामूलक कार्यहरू, हिंसा गर्नेलाई दिइने दण्ड र सजायको पुनरावलोकन गरी कानुनमा सुधार गर्न आवश्यक रहेको बताउनुभयो।

# अध्यादेश खारेज भएकामा ओलीको आपत्ति

काठमाडौँ, १२ असोज (रासस)।

प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले संसद् चालू रहेका बेला अध्यादेश खारेज गरेकामा आपत्ति जनाउनुभएको छ।

कानून, न्याय तथा संसदीय मामिलमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसँगको भेटमा अध्यक्ष ओलीले सो कुरा बताउनुभएको हो।

नेपाल सरकारले गत भदौ २ गते २० प्रतिशत सांसद वा केन्द्रीय सदस्य पुगेको दल विभाजन गर्न मिल्ने गरी राजनीतिक दलसम्बन्धी अध्यादेश जारी गरेको थियो भने गठबन्धन दलको सहमतिमा यही असोज ११ गते सो अध्यादेश फिर्ता गरेको छ।

पूर्वप्रधानमन्त्री ओलीलाई भेट्न उहाँको निवास बालकोट पुग्नुभएका कानुनमन्त्री कार्कीसँग उहाँले उक्त अध्यादेश खारेज गर्ने कार्य असंवैधानिक भएको आरोप लगाउनुभएको ओलीको सचिवालयले जनाएको छ।







**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*